# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः १९, पौष १२ गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका जलस्रोत कार्यविधि (प्रथम संशोधन), २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।९।११

व्यास नगरपालिका जलस्रोत कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

१. कार्यविधिको दफा २४ (१) "कार्यविधि प्रारम्भ हुनु अगावैदेखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा १७ मा उल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्र सम्बन्धित नगर जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिनेछ" **को सट्टा** "कार्यविधि प्रारम्भ हुनु अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा १७ मा उल्लेखित विवरणहरु खुलाई सम्बन्धित नगर जलस्रोत उपयोगको अनुमति पत्रको लागि दरखास्त दिनु पर्नेछ" राखी संशोधन गरिएको छ ।

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत